प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# लुम्बिनी प्रदेश कार्यालय

बुटबल, रुपन्देही

## विज्ञहरुको सूची (Roster) अध्यावधिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**संशोधित सूचना प्रकाशित मिति: २०८१/०९/१८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, लुम्बिनी प्रदेश कार्यालय अन्तर्गतका आंगिक शिक्षालयहरुको माग बमोजिम आवश्यक विभिन्न पद, श्रेणीमा सेवा करारमा व्यक्ति छनोटका लागि यस कार्यालयबाट मिति २०८१।०९।१२ गते प्रकाशित दरखास्त आव्हान सम्बन्धी सूचना अनुसार पदपूर्ती कार्य कार्यसम्पादन (प्रश्नपत्र निर्माण/उत्तर पुस्तिका परीक्षण/अर्न्तवार्ता आदि) गर्न तत् क्षेत्र विषयसँग सम्बन्धीत विज्ञहरुको आवश्यक परेको हुनाले, सम्बन्धीत प्राविधिक विषयमा स्नातक र भौतिक शास्त्र र रशायन शास्त्र विषयमा स्नातकोत्तर गरी अधिकृत स्तरको पदमा कम्तीमा ३ वर्षको सरकारी कार्य अनुभव भएका विज्ञहरुले गोपनियता भङ्ग नगर्ने शर्तमा यस कार्यालयको वेवसाइट मा रहेको निर्धारित संलग्न ढाँचाको कुनै एक विषयको निवेदन सहित आफैले प्रमाणित गरेका आवश्यक कागजपत्रहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा निवेदन दिई विज्ञको रोष्टरमा समावेश भई उक्त कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ ।

**आवश्यक क्षेत्रहरु :**

क. इन्जिनियरिङ्ग (जियोमेट्रिक्स, इलेट्रिकल, IT , मेकानिकल )

ख. कृषि (पशु विज्ञान)

ग. स्वास्थ्य (साधारण)

घ. अन्य (भौतिक शास्त्र, रशायन शास्त्र आदि)

**आवश्यक कागजपत्रहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

३. कार्य अनुभवको प्रमाणित प्रतिलिपि ।

४. व्यावसायिक परिषद् दर्ता प्रमाणपत्र प्रतिलिपि (आवश्यक पदमा)

ईमेल:ctevtprovince5@gmail.com,exam.ctevtp5@gmail.com, वेभ साइट: www.ctevtlp.org.np
सूचना अधिकारी: ९८५७०४४०१८